# नेपालगंज उप–महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

## नेपालगँज, बाँके

**औषधी तथा सर्जिकल सामाग्री खरिद सम्बन्धी बोलपत्र आहवानको सूचना**

(सूचना प्रकाशित मिति : २०८०।०७।२१) सूचना न NSMC/NCB/GOODS/G01/2080-81

नेपालगंज उप–महानगरपालिकाको आ.ब.२०८०।८१ लागि आवश्यक पर्ने औषधी तथा सर्जिकल सामाग्री खरिद गर्नु पर्ने भएकोले सम्बन्धित इजाजतपत्र प्राप्त इच्छुक व्यक्ति, फर्म, तथा कम्पनीबाट निम्न शर्तहरुको अधिनमा रही रित पूर्वकको ३० (तीस) दिने बिद्युतीय (E-Bidding) बोलपत्र आहवान गरिएको छ ।

१. अद्यावधिक नविकरण गरेको ईजाजतपत्र, स्थायी लेखा नम्बर प्रमाणपत्र, मू.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलिपि, आ.ब.२०७९।८० सम्मको आयकर चुक्ता प्रमाणपत्रको प्रतिलिपि अथवा म्याद थपको पत्र र निवेदन सहित तोकिएको बोलपत्र दस्तुर रु.३००० (तीन हजार) तिरी (पछि फिर्ता नहुने) यो सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको १२ : ०० बजे भित्र दरभाउदाताले सार्वजनिक अनुगमन कार्यालयको www.bolpatra.gov.np बाट download तथा upload गर्न सक्ने व्यवस्था गरिएको छ। यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक नेपालगंज स्थित आन्तरिक राजस्व खाता ४१३०१००३०१०१०००२ मा जम्मा गरेको भौचरलाई बोलपत्र कागजात साथ upload गर्नु पर्नेछ । Hard Copy कार्यालयमा दर्ता गरिने छैन ।

२. दर्ता भएका बोलपत्रहरु ३१ औं दिनको १४ : ०० बजे दरभाउपत्रदाता वा निजहरुका प्रतिनिधिहरु र कार्यालयका प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिने छ । दरभाउपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

३. दरभाउपत्र खरिदको अन्तिम दिन तथा दर्ता गर्ने वा खोल्ने दिन सार्वजनिक विदा परेमा सो को भोली पल्ट क्रमशः कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

४. बोलपत्र साथ १,७२,०००।०० (अक्षरुपी एक लाख बहत्तर हजार रुपैया मात्र) रकम बराबर नगदै यस कार्यालयको राष्ट्रिय बाणिज्य बैंक लि, स्थित यस कार्यालयको धरौटी खाता नं. ४१३०१००३०३००००००२ मा जम्मा गरेको भौचर वा मान्यत प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको प्रचलित कानुनले तोकेको मान्य अवधि भएको जमानीपत्र (विडवन्ड) पेश गर्नु पर्नेछ ।

५. दरभाउपत्र स्वीकृत भएपछि सूचना अनुसारको अंकको सार्वजनिक खरिद ऐन २०६३ र नेपालगंज उप–महानरपालिकाको सार्वजनिक खरिद नियामावली २०७६ अनुसार हुने रकम बरावरको धरौटी यस उप–महानगरपालिकाको राष्ट्रिय बाणिज्य बैंक लि. नेपालगँज स्थित धरौटी खाता नं. ४१३०१००३०३००००००२ मा जम्मा गरेको बैंक भौचर वा कार्यालयले तोकेको अवधि सम्मको बैंक कार्यसम्पादन जमानत पत्र पेश गर्नु पर्ने छ ।

६. दरभाउपत्र साथ सम्बन्धित दरभाउपत्रदाताले खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको, खरिद कार्यबाहीमा आफनो स्वार्थ नबाझिएको र पेशा सम्बन्धी कसुरमा आफुले सजाय नपाएको भनी लिखित रुपमा व्यक्त गरेको स्व–घोषणा कागजातमा हस्ताक्षर गरेको र सहिछाप लगाएको हुनुपर्नेछ ।

७. दरभाउपत्रदाताले दरभाउपत्रमा दररेट भर्दा मूल्य अभिबृद्धिकर बाहेकको दररेट उल्लेख गर्नुपर्नेछ ।

८. सारभूत रुपमा प्रभावग्राही दरभाउपत्रहरुमध्ये आइटमबाइज रुपमा सबैभन्दा घटीदर कबोल गर्ने फर्मको दरभाउपत्र स्वीकृत गरिनेछ ।

९. दरभाउपत्र स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार उप–महानगरपालिकालाई हुनेछ । औषधी सप्लाई गर्ने कम्पनीले फर्महरुको नाममा औषधिहरुको छुट्टाछुट्टै Manufactures Authorization Letter प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ ।

१०. रित नपुगेको, म्याद नाघी प्राप्त भएको वा केरमेट भै अंक-अक्षर नबुझिने दरभाउपत्रदाताको हस्ताक्षर नभएको दरभाउपत्र उपर कुनै कारबाही हुने छैन ।

११. औषधि खरिद गर्दा WHO-GMP Certified Company बाट उत्पादित औषधिहरु मात्र खरिद गरिने छ र बोलपत्रको साथमा सोको प्रतिलिपी पेश गर्नुपनेछ । बोतलमा सप्लाई हुने औषधिहरु प्लाष्टीक बोतलमा भएको हुनु पर्नेछ र बांकी औषधीहरु स्ट्रीपमा हुनुपर्नेछ ।

१२. खरिद हुने औषधिहरुको म्याद सम्बन्धमा उक्त औषधिको यस कार्यालयमा बुझाउंदा सम्म Manufacturing Date बाट Expiry Date कम्तीमा ७५ प्रतिशत दिन बांकी हुनुपर्नेछ। सो भन्दा घटी म्याद भएका औषधिहरु स्वीकार गरिने छैन ।

१३. औषधि आपुर्तीकर्ताले आपूर्ती गर्ने औषधिहरुको बोतल तथा स्ट्रीप लगायतका सम्पूर्ण औषधि तथा समाग्रीहरुमा **निःशुल्क वितरणका लागि** भन्ने उल्लेख भएको हुनु पर्नेछ ।

१४. नेपालगंज उप–महानगरपालिकाले कार्यालयको आबश्यकता अनुसार कबोल दररेटमा आवश्यकता अनुसार एकमूष्ट वा पटक पटक गरि दरभाउपत्रदाताबाट कबोल दरमा आ.ब.२०८०।८१ अवधी भरी खरिद गरि लिन सक्ने छ।

१५. अन्य हकमा सार्वजनिक खरिद ऐन २०६३, र नेपालगंज उप–महानरपालिकाको सार्वजनिक खरिद नियामावली २०७६ बमोजिम हुनेछ । थप जानकारीको लागि कार्यालयको फोन ०८१–५२०१५१ मा सम्पर्क गर्न सकिने छ ।

प्रमुख प्रशासकीय अधिकृत